P. Anand & Associates
Chartered Accountants

Purna Chandi Marg,
Jawalakhel, Lalitpur
GPO Box No. 12113
Kathmandu, Nepal

Phone: +977-1-5528629
Fax: +977-1-15530250
Email: panand.associates@gmail.com
Web.: www.panandassociates.com

ल.पु.उ.म.न.पा. कार्यालय
दर्ता नं. ९६५
मिति २०७१।९।२३

## ललितपुर उपमहानगरपालिकाको आर्थिक वर्ष २०७०।०७१ को लेखापरिक्षकको प्रतिवेदन

श्री नगरपरिषद् सदस्य महानुभावहरू,
ललितपुर उपमहानगरपालिका
ललितपुर

१। हामीले ललितपुर उपमहानगरपालिका कार्यालय, ललितपुरको आर्थिक वर्ष २०७०।०७१ को संयुक्त वार्षिक आय व्यय विवरण र सो संँग सम्बन्धित अनुसुचीहरूको लेखापरिक्षण सम्पन्न गरेका छौं । आफूले गरेका कारोबारको लेखा राख्नु, सो लेखा अनुसार आर्थिक विवरण तयार पार्नु र खुलाउनु पर्ने सारभूत विषयलाई आय व्यय विवरणमा दर्शाउनु उपमहानगरपालिकाको जिम्मेवारी हो । सो आय व्यय विवरणले लेखा र आर्थिक कारोबारको सही र दुरूस्त अवस्था दर्शाएको छ भन्ने कुरामा विश्वस्त हुन प्रचलित कानुन र नेपाल लेखापरिक्षणमान अनुसार लेखापरिक्षण योजना र कार्यक्रम तयार गरी सोको आधारमा लेखापरिक्षण गरी राय प्रदान गर्नु हाम्रो उत्तरदायित्व हो ।

२। हामीले स्थानीय निकायसँग सम्बन्धित कानुन, लेखापरिक्षणको सर्वमान्य सिद्धान्त र नेपाल लेखापरिक्षणमानको आधारमा लेखापरिक्षण सम्पन्न गरेका छौं । ती कानुन, सिद्धान्त र लेखापरिक्षणमान अनुसार प्रस्तुत आय व्यय विवरण सारभूत रूपमा आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि लेखापरिक्षण योजना तयार गरी तदअनुरूप लेखापरिक्षण सम्पन्न गर्नुपर्दछ । आय व्यय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याँई गर्ने प्रमाणको छड्के परिक्षणसमेत लेखापरिक्षणमा समावेश हुन्छ । कार्यालयले अवलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान एवं आय व्यय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्यांकन पनि लेखापरिक्षणमा समावेश हुन्छ । लेखापरिक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

३। लेखापरिक्षणको क्रममा हाम्रो जनकारीमा आएका महत्वपूर्ण व्यहोरा र कैफियतहरू उपमहानगरपालिका व्यवस्थापनलाई उपलब्ध गराइएको र सो उपर व्यवस्थापनको प्रतिक्रिया समेतलाई विचार गरी यसैसाथ अनुसुचीमा संलग्न गरेका छौं ।

४। हाम्रो रायमा, व्यवस्थापनबाट प्राप्त प्रतिनिधित्व पत्र, माथि बुंदा नं. ३ स¤ग सम्बन्धित अनुसुचीमा उल्लेख भएका व्यहोराले पार्ने प्रभावको असर बाहेक प्रस्तुत आय व्यय विवरणले स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम उपमहानगरपालिकाको आर्थिक वर्ष २०७०।०७१ को लेखा र आर्थिक कारोबारको सही र दुरूस्त अवस्था दर्शाउँछ ।

मिति: २०७१।०९।२२
स्थान: ललितपुर, नेपाल

सि.ए. पियूस आनन्द
चार्टर्ड एकाउन्टेन्टस्

P. Anand & Associates * Kathmandu * Chartered Accountants

## ललितपुर उपमहानगरपालिकाको आर्थिक वर्ष २०७०।०७१ को लेखापरिक्षक प्रतिवेदन अनुसुची

लेखा आधार

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ परिच्छेद(३) को नियम १९ (१) अनुसार नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणलीको सिद्धान्तमा आधारित प्रोदभावी आधारमामा राख्नु पर्नेछ । नियम १९ (३) अनुसार यो नियमावली लागु हुँदाका बखत कायम रहेका उपमहानगरपालिकाले यो नियमावली लागु भएको मितिले ५ वर्षभित्रमा प्रोदभावी कारोवारमा लेखा राख्नुपर्नेछ । तर ललितपुर उपमहानगरपालिकाले आर्थिक वर्ष २०७०।०७१ सम्म पनि नगद आधारमा लेखा राखेको पाइयो ।

आम्दानी बैंक दाखिला

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०(२) मा नगद प्राप्त भएको भोलिपल्ट सम्ममा बैंक दाखिला गर्नुपर्नेछ भएको व्यवस्थाको पूर्ण पालना गर्ने तर्फ ध्यानाकर्षण गराउँदछौं ।

कर आम्दानी

- यस आर्थिक वर्षमा ललितपुर उपमहानगरपालिकाले आन्तरिक आय मार्फत् रू. २१७,५६९,३८३।८४ आम्दानी गरेको भएतापनि ललितपुर उपमहानगरपालिकाले नगद आधारमा लेखा राख्ने गरेकाले यस वर्षको यथार्थ आयमा विगतका वर्षहरू देखि बक्यौता बाँकी रही यस आर्थिक वर्षमा मात्र संकलन गरिएका आय रकम समेत समावेश गरिएको देखियो । तसर्थ उचित लेखाकंन पद्धतिको अभावमा आ.व. २०७०।०७१ सँग मात्र सम्बन्धित रहेका आय रकमको यकिन गर्न सकिएन ।

- उपमहानगरपालिकाले अधिकांश अवस्थामा विभिन्न करदाताहरूको लगत बमाजिम आर्थिक वर्षको अन्त्यमा बक्यौता रकम गणना गर्नुपर्नेमा सो नगरिएको देखियो ।

- ललितपुर उपमहानगरपालिकाले घरजग्गा कर सम्बन्धीको लगत स्थलगत निरीक्षण गरी अद्यावधिक नराखेको पाइयो ।

- उपमहानगरपालिकाले नियमको अभावमा रियल स्टेट अन्तर्गत बिकी गरिएका फ्ल्याटहरूको कर रकम तिनीहरूले चर्चेको जग्गाको आधारमा गरेको देखियो ।

- स्थानीय स्वायत्त शासन नियमावली २०६४ को नियम १४२ अनुसूची १० मा उपमहानगरपालिले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्नेमा व्यवस्था अनुरूप मुख्य व्यवसायीलाई १९ वर्गमा वर्गिकरण गरेको र व्यवसायीहरूको लगत राखी राजस्व असुल गर्नुपर्नेमा उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पूर्ण व्यवसायीहरूबाट कर रकम संकलन गरिएको पाइएन ।

P. Anand & Associates Kathmandu

पि. आनन्द एण्ड एसोसिएट्स
चार्टर्ड एकाउटेन्टस्

खर्च शीर्षकको वर्गीकरण र लेखांकन

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा नगरपालिकाहरूको खर्च वर्गीकरण र व्याख्या गरेको छ । उपमहानगरपालिकाले उक्त प्रावधानको अनुसार लेखाकंन गर्नुपर्नेमा सो अनुरूप नगरी फरक शीर्षकहरूमा लेखा राख्ने गरेको देखियो ।

लेखा समिति राजश्व परामर्श समिति र आवधिक योजना

- ऐनको दफा ९४(२) बमाजिम लेखा समितिको निर्णय उपलब्ध भएन ।
- नियम ११८ बमोजिम नगरस्तरीय राजश्व परामर्श समितिको निर्णय उपलब्ध भएन ।
- ऐनको दफा १३५ बमाजिम पांच वर्षको आवधिक योजना तर्जुमा गरेको देखिएन ।

नेपाल सरकार सुचना प्रविधि उच्चस्तरीय आयोगबाट हस्तान्तरण भई आएको सामानको इकाई मूल्य खुलाउनुपर्नेमा खुलाइएको पाइएन ।

ललितपुर उपमहानगरपालिकाले आ.व. २०७०।०७१ मा जिन्सी निरीक्षण गरेको भएतापनि नियम २१४(२) बमाजिम मालसामानको संरक्षण र संभारबारे साथै के कति सामान बेकम्मा भई लिलाम बिकी वा मिन्हा गर्नुपर्नेछ भनी नखुलाइएको पाइयो ।

जिन्सी शाखाले जिन्सी सामानहरूको रेकर्ड राख्न "Development of Inventory Management System" कम्प्युटर सफ्टवेयरको व्यवस्था गरेको भएतापनि उक्त सफ्टवेयर प्रयोगमा ल्याइएको पाइएन ।

लेखा व्यवस्थित गर्न एकाउण्टिङ सफ्टवेयर र राजश्वसम्बन्धी सफ्टवेयर

लेखा शाखा र राजश्व शाखाले सफ्टवेयर प्रयोगमा ल्याए पनि सम्पूर्ण वित्तिय विवरण त्यसबाट तयार गरेको देखिएन ।

राजश्व

आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार आर्थिक वर्ष समाप्त भएको ३५ दिन भित्र राजश्व लगत, असुल हुन बांकी रकम समेतको आर्थिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । राजश्व शाखाले ऐन, नियम अनुसार अद्यावधिक लेखा राखी राजश्वको आर्थिक विवरण पेश गर्ने नगरेको कारण राजश्व विवरण यथार्थपरक हुन सकेको छैन ।

उपमहानगरपालिकाले उठाउनुपर्ने राजश्वको मूल आधार (Basic Record) तयार गरेको देखिएन । करदाताले घोषणा गरेको विवरण र सो आधारमा नगरपालिकाले निर्धारण गरेको कर रकम नै उपमहानगरपा लिकाको राजश्व मान्ने प्रकृया विद्यमान अवस्थामा छ । करदाताले तिर्न ल्याए बुझिलिने बाहेक कानुनमा व्यवस्था भएका प्रकृयाहरू उपमहानगरपालिकाले अवलम्बन गरेको देखिएन ।

पि. आनन्द एण्ड एसोसिएट्स
चार्टर्ड एकाउटेन्टस

नगरपालिकालाई करदाताको कारोबार एवम् चलअचल सम्पत्ति रोक्का गरी बक्यौता असुलउपर गर्नसक्ने कानुनी व्यवस्था रहेतापनि नगरपालिकाले कारदाताको अभिलेख राखी बक्यौता कर रकम असुल्ने प्रकृयाको थालनी गरेको पाइएन ।

आन्तरिक आय

उपनगरपालिकाले मालपोतको यस आर्थिक वर्षमा उठ्न बाँकी बक्यौताको लगत तयार गरी सोही अनुसारको मालपोत असुल गर्नुपर्नेमा सो लगत तयार गरेको देखिएन । लगत यकिन नभएको हुंदा नगरपालिकाले कुल लगत रकमको कति प्रतिशत मालपोत असुल गरेको हो, कति मालपोत उठ्न बाँकी रहेकोजस्ता कुराहरूको यकिन गर्न सकिएन । नगरपालिकाले विगतका वर्षदेखिका मालपोत रकम पनि यस आर्थिक वर्षमा संकलन गरेको हुनाले यस आर्थिक वर्षको मात्र मालपोत रकम कति उठ्न गएको भन्नेबारे याकिन गर्न सकिएन ।

नगरपालिकाले लगत नराख्ने, मालपोत बुझाउन आउनेले दिएको विवरणको आधारमा मालपोत असुल गर्ने प्रचलन रहेको पाईयो । मालपोतसम्बन्धी लगत अद्यावधिक राख्न ध्यानाकर्षण गराउछौं ।

घरजग्गा कर:

घरजग्गा कर असुल गर्ने अधिकार उपमहानगरपालिकामा सरे देखिको घरजग्गा करको सालबसाली वक्यौताको लगत तयार गरी सो अनुसार असुल गर्नु पर्नेमा सो अनुरूप गरेको पाईएन । करको दायरामाभित्र परेका करदाताले आफैं आएर बुझाएको विवरणको आधारमा घरजग्गा कर निर्धारण गरी असुल गर्ने गरेको पाईयो ।

करको दायरामा नआएका करदाताहरूलाई करको दायरामा ल्याउन सरकारी कार्यालयहरू र नक्शा शाखाबाट प्रदान गरिने निर्माण कार्य सम्पन्न प्रमाणपत्रलाई आधार बनाई अनुगमन गरी करको दायराभित्र ल्याउन ध्यानाकर्षण गराउछौं ।

घरवहाल कर:

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १३७ अनुसार आफनो क्षेत्र भित्रको घर, पसल, गोदाम, टहरा, कारखाना, जग्गा एवं पोखरी पूरै वा आंशिक रूपमा वहालमा दिएकोमा सम्वन्धित धनीबाट वहाल रकमको बढीमा २% सम्म बहालकर उपनगरपालिकाले लिन सक्ने व्यवस्था छ । तर यस उपमहानगरपालिकाले वहालमा राखेका करदाताहरूको लगत अद्यावधिक गरी नराखेको पाइयो ।

राजश्व कर तिर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनी आफैंले आफ्नो वहाल आम्दानी देखाई त्यस रकम अनुसारको कर उपमहानगरपालिकामा दाखिला गर्ने गरको पाइयो।

पि. आनन्द एण्ड एसोसिएटस
चार्टर्ड एकाउटेन्टस्

उपमहानगरपालिका क्षेत्रका घरजग्गाको लगत राख्ने, नयाँ बनेका घरबाट कर असुल गर्ने तथा उठ्न बाँकी रकमको हिसाव राखी सोही अनुरूप कर रकम असुल गर्नुपर्ने तर्फ ध्यानाकर्षण गराउदछौं ।

**व्यवसाय कर:**

स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम १४२ अनुसूची १० अनुसारका व्यवसायीहरूको लगत राखी राजस्व असुल गर्नुपर्नेमा सो अनुसार व्यवसायीहरूको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पूर्ण व्यवसायीहरूबाट कर रकम संकलन गरिएको पाइएन ।

**सवारी कर**

सवारी साधनको संख्या दिनानुदिन बढी रहेको अवस्थामा सवारी कर असुलीमा अझ वृद्धि गर्न दर्ता भएका सवारीहरूमध्ये नविकरण गर्दा प्राप्त हुनुपर्ने आम्दानीको लगत तयार गरी सोका आधारमा सवारी कर असुल गर्ने व्यवस्था गर्नुपर्नेमा सोको हिसाब नराखी असुल गर्ने गरेकोले अन्तिम वक्यौता रकमबारे यकिन गर्न सकिएन । यातायात व्यवस्था कार्यालयमा भएको सवारी दर्ताको आधारमा प्रत्येक आर्थिक वर्षमा संकलन गरिनुपर्ने र संकलन भएको रकमको लगत तयार गरी कर असुलीलाई प्रभावकारी बनाउन ध्यानाकर्षण गराउदछौं ।

**सम्पत्तिको अखिलेख**

**स्थिर सम्पत्ति:**

१। उपमहानगरपालिकाको स्वामित्वमा रहेका/उपभोग भईरहेका जग्गा, भवन, जंगल जस्ता प्राकृतिक सम्पत्तीको अभिलेख राखेको देखिएन ।

२। उपमहानगरपालिका भित्र उपमहानगरपालिकाले संरक्षण गर्नु पर्ने भवन, स्मारक, पाटी, पौवा, सत्तल, धारा, मन्दिर आदिको अभिलेख राखेको पाईएन ।

३। नगरपालिकाको स्वामित्वमा रहेका भनिएका/उपभोग भईरहेका जग्गा तथा भवनहरूको विवरण र स्वामित्व सम्वन्धी कुनै आधिकारीक कागजपत्र उपलव्ध भएन ।

**पेश्की**

ललितपुर उपमहानगरपालिकाबाट विभिन्न वडा प्रतिनिधी, कर्मचारी, ठेकेदार, उपभोक्ता समिति, पदाधिकारी र विभिन्न संघ संस्थाले लिएको पेश्की लामो समय बित्दा समेत फछ्र्योट नगरेको पाईयो । पेश्की लिएका वडा प्रतिनिधि, कर्मचारी, ठेकेदार, उपभोक्ता समिति र विभिन्न संघ संस्थाबाट उपमहानगरपालिकाले वर्षान्तसम्ममा रू. ८,९१,८१,७९०।५० रकम असुलउपर गर्न बांकी रहेको देखिन्छ ।

उपमहानगरपालिका क्षेत्रका घरजग्गाको लगत राख्ने, नयाँ बनेका घरबाट कर असुल गर्ने तथा उठ्न बाँकी रकमको हिसाव राखी सोही अनुरूप कर रकम असुल गर्नुपर्ने तर्फ ध्यानाकर्षण गराउदछौं ।

व्यवसाय कर:
स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम १४२ अनुसूची १० अनुसारका व्यवसायीहरूको लगत राखी राजस्व असुल गर्नुपर्नेमा सो अनुसार व्यवसायीहरूको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पूर्ण व्यवसायीहरूबाट कर रकम संकलन गरिएको पाइएन ।

सवारी कर
सवारी साधनको संख्या दिनानुदिन बढी रहेको अवस्थामा सवारी कर असुलीमा अझ वृद्धि गर्न दर्ता भएका सवारीहरूमध्ये नविकरण गर्दा प्राप्त हुनुपर्ने आम्दानीको लगत तयार गरी सोका आधारमा सवारी कर असुल गर्ने व्यवस्था गर्नुपर्नेमा सोको हिसाब नराखी असुल गर्ने गरेकोले अन्तिम वक्यौता रकमबारे यकिन गर्न सकिएन । यातायात व्यवस्था कार्यालयमा भएको सवारी दर्ताको आधारमा प्रत्येक आर्थिक वर्षमा संकलन गरिनुपर्ने र संकलन भएको रकमको लगत तयार गरी कर असुलीलाई प्रभावकारी बनाउन ध्यानाकर्षण गराउदछौं ।

सम्पत्तिको अखिलेख

स्थिर सम्पत्ति:
१। उपमहानगरपालिकाको स्वामित्वमा रहेका/उपभोग भईरहेका जग्गा, भवन, जंगल जस्ता प्राकृतिक सम्पत्तीको अभिलेख राखेको देखिएन ।

२। उपमहानगरपालिका भित्र उपमहानगरपालिकाले संरक्षण गर्नु पर्ने भवन, स्मारक, पाटी, पौवा, सत्तल, धारा, मन्दिर आदिको अभिलेख राखेको पाईएन ।

३। नगरपालिकाको स्वामित्वमा रहेका भनिएका/उपभोग भईरहेका जग्गा तथा भवनहरूको विवरण र स्वामित्व सम्बन्धी कुनै आधिकारीक कागजपत्र उपलब्ध भएन ।

पेश्की
ललितपुर उपमहानगरपालिकाबाट विभिन्न वडा प्रतिनिधी, कर्मचारी, ठेकेदार, उपभोक्ता समिति, पदाधिकारी र विभिन्न संघ संस्थाले लिएको पेश्की लामो समय बित्दा समेत फछ्र्यौट नगरेको पाईयो । पेश्की लिएका वडा प्रतिनिधि, कर्मचारी, ठेकेदार, उपभोक्ता समिति र विभिन्न संघ संस्थाबाट उपमहानगरपालिकाले वर्षान्तसम्ममा रू. ८,९१,८१,७९०।५० रकम असुलउपर गर्न बाँकी रहेको देखिन्छ ।

पि. आनन्द एण्ड एसोसिएट्स
चार्टर्ड एकाउटेन्टस

यस आर्थिक वर्षमा पेश्कीको अवस्था निम्नानुसार रहेको देखिन्छ ।

(रकम रू. मा)

| नाम | गतवर्षको पेश्की जिम्मेवारी | चालुवर्षको पेश्की भुक्तान | कुल पेश्की फछ्र्यौट | कुल पेश्की बांकी |
|---|---|---|---|---|
| पदाधिकारी | ७५७,४७८।१७ | ० | ० | ७५७,४७८।१७ |
| वडा कार्यालय | ४,८८७,२५६।१५ | ० | ० | ४,८८७,२५६।१५ |
| उपभोक्ता समिति | ४४,७९२,१५१।९४ | ८८,२०९,४२४।८४ | ६९,७६५,३८८।८४ | ६३,२३६,१८७।९४ |
| कर्मचारी | १०४,४८७।४२ | ५,६९१,०७८।०० | ५,७९२,९६५।४२ | २,६००।०० |
| संघसंस्था | १९,५७१,२४२।२४ | ५,९३७,८८४।६९ | ५,२१०,८५८।६९ | २०,२९८,२६८।२४ |
| कुल | ७०,११२,६१५।९२ | ९९,८३८,३८७।५३ | ८०,७६९,२१२।९५ | ८९,१८१,७९०।५० |

- लामो समयदेखि बांकी रहेको पेश्की उपमहानगरपालिकाले उठाउन प्रभावकारी पहल नगरेको पाइयो ।
- नियमावलीमा पेश्की फटर्यौट भए वा नभएको जानकारी दिन, पेश्की फछ्र्यौट समयमा गराउन पेश्कीको सुची तयार गरी, समिक्षा गरी फछ्र्यौटको काय गर्नुपर्ने र यस्तो समिक्षा भएको निर्णयको अभिलेख राख्नुपर्ने व्यवस्थाको पालना तर्फ ध्यानाकर्षण गराउछौ ।
- तोकिएको समयमा पेश्की फछ्र्यौट नगरेमा वा तोकिएको समयभित्र काम तामेल नभई पेश्की बांकी रहन गएमा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० बमाजिम त्यस्तो पेश्की रकमको म्याद नाघेको मितिदेखि वार्षिक १०% का दरले सांवा र व्याज समेत बुझाउनुपर्नेमा पेश्की रकम नै लामो समयसम्म फछ्र्यौट हुन नसकेको देखिएबाट यस व्यवस्थाको पालना गर्न तर्फ ध्यानाकर्षण गराउछौं ।
- स्थानीय स्तरका उपभोक्ता समिति मार्फत गराइएका कामको लागि गठित उपभोक्ता समितिलाई दिएको पेश्की रकम र संघ संस्थालाई विकास निर्माण तथा विभिन्न कार्यक्रमको लागि दिएको पेश्की कार्य सम्पन्न भएपछि फछ्र्यौट गर्नुपर्नेमा सो अनुरूप भएको नदेखिंदा या त कार्य अधुरो रहेको वा पेश्की फछ्र्यौट गर्ने अनावश्यक ढिलाइ भएको तर्फ ध्यानाकर्षण गराउछौं ।
- जनप्रतिनिधी तथा पदाधिकारीलाई दिइएको पेश्की प्रयोजन नखुलाईएको तथा लामो समयसम्म पनि फछ्र्यौट नभएको तर्फ ध्यानाकर्षण गराउछौं ।

पेश्की लिएको रकम फछ्र्यौट गरेपछि मात्र अर्को पेश्की दिनुपर्ने व्यवस्थाको पूर्ण पालना नभएको तर्फ ध्यानाकर्षण गराउछौं ।

P. R. Anand & Associates Kathmandu

पि. आनन्द एण्ड एसोसिएट्स
चार्टर्ड एकाउटेन्ट्स

आर्थिक सहायता

आर्थिक अवस्था कमजोर भएको व्यक्ति, अशक्त तथा रोगी, बेखर्ची तथा सांस्कृतिक एवं सामाजिक उत्थानको दागि व्यक्ति संघ, संस्था आदिलाई तयार गरी आर्थिक सहायता वितरण गर्नुपर्नेमा कार्य प्रयोजनबारे ठोस जनकारी नै नलिई गैर सरकारी संस्था, सहकारी संस्था, खेलकुद संस्था तथा अन्य विभिन्न व्यक्तिहरूलाई भुक्तानी भएका खर्चका रकमहरू यसमा समावेश गरिएका तर्फ ध्यानाकर्षण गराउछौं ।

योजना

योजना छनौट तथा कार्यान्वयन:

- योजना छनौट गर्दा समयावधि बनाएर गर्नुपर्ने, अति आवश्यक बाहेकका योजनाहरू बैशाख मसान्त पश्चात् स्वीकृत नगरिने प्रावधान भएतापनि यस आर्थिक वर्षमा सम्झौता भएका योजनाहरू मध्ये केही योजनाहरू बैशाख मसान्तपछि पनि सम्झौता गरेको पाइयो । योजना छनौट गर्दा छनौटको आधार खुलाएर गरेको देखिएन ।

- उपमहानगरपालिकाले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्राप्त भएको बजेटको पनि पूर्ण रूपले सदुपयोग नभएको तथा अधिकाश बजेट वर्षान्तमा फ्रिज भएको तर्फ ध्यानाकर्षण गराउछौ ।

योजना, लागत अनुमान:

स्थानीय निकाय आर्थिकप्रशासन नियमावली २०६४ अनुसार जुनसुकै निर्माण कार्य, मालसमान, परामर्श सेवा तथा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गरि स्वीकृत गरेको हुनु पर्ने व्यवस्था छ । उपमहानगरपालिकामा लागत अनुमान तयार गर्दा केही कार्यहरूमा लागत अनुमान स्विकृत भएको मिति, काम गर्न लाग्ने अवधिजस्ता आवश्यक कुराहरू खुलाउने गरेको पाईएन । लागत अनुमान गर्दा नियमावलीमा व्यवस्था भए वमोजिम गर्न ध्यानाकर्षण गराउंछौ ।

उपभोक्ता समितिबाट भएका कार्यहरू सम्वन्धमा:

- उपभोक्ता समितिले आफ्नो समितिको सुचीकरण दर्ता, नवीकरण, साधारण सभा तथा वार्षिक कार्यक्रम बजेटको विवरण सम्बन्धित कागजपत्र उपलब्ध गराउने नगरेको ।
- स्थानीय निकाय आर्थिक नियमावली २०६४ वमोजिम उपभोक्ता समितिबाट काम गराउने प्रयोजनको लागि उपभोक्ता समितिलाई विषयगत रूपमा वर्गिकरण र सूचिकृत गरी उनीहरूको लगत अद्यावधिक गरेको देखिएन ।
- सम्झौता गर्दा लागत अनुमानको अंकलाई मात्र ध्यान दिने गरेको र सम्पादन कार्यलाई गौण गर्ने गरेको देखियो ।
- सम्झौता अवधि भित्र कार्य सम्पादन भएको देखिएन ।
- योजना कार्य सकिएपनि न.पा. बाट लिएको पेश्की रकम नियमावलिमा उल्लेख भएको समय भित्र फछ्र्यौट गर्नुपर्नेमा पेश्की दिदा कार्य सम्पादन जमानत लिने प्रवधान नभएकोले समयमा

पेश्की फछ्र्यौट तथा कार्य सम्पादन हुने नगरेको र पेश्की रकम समयमा फछ्र्यौट भएको देखिएन ।

- पेश्की फछ्र्यौटको लागि बिवरण बुझाउंदा संलग्न बिल भर्पाई समितिको स्विकृति, कतिपय ज्यालाको भरपाईमा पाउने ब्यक्तिको हस्ताक्षर नै नभएको र नगर पालिकाबाटपनि कुनै बिल भपाईमा कुनै स्विकृत गर्ने गरेको देखिन नगएबाट योजना कार्यान्वयन भए/नभएको र संझौता बमोजिम भएको भन्ने यकिन गर्न सकिने आधार देखिएन।
- उपभोक्ता समितिबाट तयार भएका संरचनाको आवधिक भौतिक परिक्षण गर्न गरेको पाईएन।
- उपमहानगरपालिकाले सम्पन्न भएका योजनाहरूको स्वतन्त्र व्यक्तिहरूबाट सार्वजनिक परिक्षण गराउने गरेको पाइएन ।
- उपभोक्ता समितिबाट सम्पन्न कार्यहरू नगरपालिकाले जांचपास तथा फरफारक गर्नु पर्ने, त्यस्तो कार्यको रेखदेख, मर्मत सम्भार गर्ने, जिम्मेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नु पर्ने र यसरी हस्तान्तरण भई प्राप्त आयोजनाको सेवा वापत उपभोक्ता समितिको दस्तुर तोकि आफनो कोष खडा गरी संचालन गर्नु पर्ने व्यवस्था भएकोमा उपभोक्ताबाट सम्पन्न सवै योजनाहरूको जांचपास हस्तान्तरण पश्चात कुनै कार्य हुने गरेको देखिएन। साथै सम्पन्न योजनहरूको लगत खडा गरी सो योजनाहरूको अवस्थाबारे कुनै विवरण राख्ने गरेको पाइएन।
- आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ (५)(द) अनुसार उपभोक्ता समितिले आफुले जिम्मा लिएको काम सम्पन्न गर्न थप म्याद आवश्यक भएमा कारण सहित निवेदन दिएमा खण्ड (त) वमोजिमको उपभोक्ता समुह र उपभोक्ता मितिले गरेको निर्णयको आधारमा सम्बन्धीत स्थानीय निकायले म्याद थप गर्न सक्नेछ । तर साधारणतया यस्तो म्याद थपको अवधि कार्य सम्पन्न गर्नुपर्ने अवधि भन्दा बढी हुने छैन । तर ललितपुर उपमहानगरपालिकाले निर्माण कार्यमा यो दफा पूर्ण रूपमा लागु गरेको देखिएन । सम्झौता गर्दा थोरै समयअवधीको लागि गर्ने र पछि लामो समय म्याद थप्ने कार्य भएको पाइयो ।
- स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ (घ) अनुसार उपभोक्ता समितिबाट काम गराउंदा स्थानीय व्यक्तिमध्ये पूरा ज्यालामा काम गर्ने, कम ज्यालामा काम गर्ने वा ज्याला नलिई काम गर्नेहरूका सम्बन्धमा छुट्टाछुट्टै स्पष्ट अभिलेख राख्नुपर्ने प्रावधान उल्लेख गरेको भएतापनि उपभोक्ता समितिबाट कार्य गराउँदा उक्त अभिलेखहरू लिने गरेको पाइएन ।

**सामाजिक परीक्षण:**

स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम २०१(१) मा स्थानिय निकायले एक आर्थिक बर्षमा सम्पादन गरेको कार्यकमहरूको आर्थिक बर्ष समाप्त भएको चार महिना भित्र सामाजिक परीक्षण गराउनु पर्ने व्यवस्था छ । तर यस्तो परीक्षण गर्ने गरेको देखिएन । सामाजिक परीक्षणले योजनामा भएको खर्चको उपगोग सम्बन्धमा आश्वशतता प्रदान गर्ने हुदा यस्तो प्रणाली लागु गर्न सुझाव छ ।

P. Anand & Associates Kathmandu Chartered Accountants

**नेपाल सरकार र कोष तथा लेखा नियन्त्रण कार्यालयबाट प्राप्त अनुदानबाट संचालित योजना :**
योजनाहरूको सुपरिवेक्षण र मूल्यांकन प्रणाली नभएकोले योजनाहरूको यथास्थितिको बारे थाहा पाईएन । उपमहानगरपालिकाले कोष तथा लेखा नियन्त्रण कार्यालयबाट यस आर्थिक वर्षमा कृषि सडक निर्माणका लागि प्राप्त गरेको अनुदान रकम रू. ४०,००,००० मध्ये जम्मा रू ६,५६,२८१।०८ मात्र खर्च गरेको र बाँकी रकम रू. ३३,४३,७१८।९२ फ्रिज भएको पाइयो ।

**अधुरा योजना:**
आ.व. २०६९।०७० को अन्त्यमा अधुरो रहेका योजनाहरूको यस आर्थिक वर्षसम्म पनि पूरा नभएको समेत पाइयो । यसरी विगतका वर्षदेखि योजनाहरू समयमै सम्पन्न नभई बाँकी रहनुले योजनाको अनुगमन तथा सुपरिवेक्षण पक्ष कमजोर दर्शाउंछ ।

**खरिद**
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार सार्वजनिक निकायले कुनै खरिद मौज्दा सूचीमा रहेका आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्छ । उक्त नियमको पूर्णरूपले पालना देखिएन ।

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७६ फुटकर खरिदमा रू. १,५०,००० भन्दा बढी रकमको खर्च भैजाने वा पुंजीगत मालसामान वा निर्माण कार्य वा परामर्श सेवा सोझै खरिद गर्न नसकिने प्रावधान रहेको छ । तर ललितपुर उपमहानगरपालिकाले पटक पटक गरी एउटै पार्टीबाट विभिन्न मितिमा सोझै सामान खरिद गर्दै आइरहेको देखियो ।

उपमहानगरपालिकाको खरिदसम्बन्धी काम जिन्सी शाखाबाट गरिँदै आएको पाइयो । यसरी जिन्सी र खरिदशाखा एउटै हुनुलाई आन्तरिक नियन्त्रण प्राणालीको कमीका रूपमा देखियो ।

**कर्मचारी प्रशासन**
ललितपुर उपमहानगरपालिकाले कर्मचारीको कार्यको मुल्याङ्कन फाराम प्रत्येक वर्ष भरी अभिलेख राख्नुपर्नेमा अभिलेख राख्ने गरेको पाइएन ।
कर्मचारीहरूलाई सुविधा प्रदान गर्दा कामको आधारमा निश्चित मापदण्ड बनाई सोहीअनुरूप लागु गर्नुपर्नेमा कुनै मापदण्ड वा कर्मचारी विनियमावली बनाएको पाइएन ।

**प्रशासनिक खर्चको हद**
स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ३४ अनुसार उपमहानगरपालिकाले स्विकृत बजेटको परिधिभित्र रही ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको २५ प्रतिशत भन्दा बढी रकम प्रशानिक कार्यका लागि खर्च गर्न नपाउने हुन्छ । नियमको प्रयोजनका लागि प्रशासन खर्च भन्नाले विकास योजना, सरसफाई, दमकल र

P. Anand & Associates Kathmandu Chartered Accountants

ललितपुर उपमहानगरपालिका
अन्तिम लेखापरिक्षक प्रतिवेदन आ.व. २०७०।०७१

एम्बुलेन्स खर्च बाहेक तलव, भत्ता, कर्मचारी कल्याण कोष, ईन्धन, मर्मत, मसलन्द, फर्निचर, भैपरी, आर्थिक सहायताजस्ता खर्चलाई प्रशासनिक खर्चका रूपमा मानिनेछ ।

यस आर्थिक वर्षमा ललितपुर उपमहानगरपालिकाको खर्चको हद र यथार्थ प्रशासनिक खर्च गणना गर्दा प्रशासनिक खर्च रकम रू. ४८,२२९,३३५।९९ ले बढी हुन गएको देखियो ।

धरौटी सम्बन्धी व्यवस्था

नियम ६६ को उपनियम २ बमाजिम धरौटी राखेको व्यक्तिले आफ्नो धरौटी फिर्ता लिन नआएमा कार्यालय प्रमुखले राजश्व आम्दानी बाध्नुपर्ने प्रावधान छ तर उपमहानगरपालिकाले त्यस्तो धरौटीका सम्बन्धमा कुनै कार्यवाही गरेको पाइएन ।

ललितपुर उपमहानगरपालिकाले विगतका वर्षदेखि नै दाखिला भएको तर बैंकमा जम्मा नदेखिएको भन्दै एकमुष्ठ रू. ५५,३८१।९३ बैंक रिकन्सीलेसनमा उल्लेख गरेको पाइयो ।

उपमहानगरपालिकाको धरौटी

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९४ अनुसार नगरपालिकाले टेलिफान, धारा, बत्ती र यस्तै अन्य सुविधावापत धरौटी राखेको रकमको विवरण निर्धारित ढांचामा जिल्ला प्रशासन समितिमा पठाउनुपर्ने र त्यस्तो विवरण प्राप्त भएपछि सो कार्यौलयले धरौटी रकमको छुट्टै लगत जनाई त्यसको सूचना नगरपालिकालाई दिनुपर्ने र यसरी प्राप्त सूचनाको आधारमा नगरपालिकाले आफ्नो पेश्की खातामा फिर्छ्यौट जनाउनुपर्ने व्यवस्था छ । तर नगरपालिकाले सो अनुसार विवरण पठाएको पाइएन ।

पि. आनन्द एण्ड एसोसिएट्स
चार्टर्ड एकाउटेन्टस्